# पुर्चौंडी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

हाट, बैतडी
सुदूरपश्चिम प्रदेश

कार्यपालिकाको कार्यालय हाट, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

पसं:२०८०/०८१
च नं

**सेवा करारमा किसान सुचिकरण तथा तथ्याँक संकलन सहजकर्ता भर्ना गर्ने सम्बन्धी सुचना**

**प्रथम पटक प्रकाशित मिति - २०८०/०८/१२ गते**

पुर्चौंडी नगरपालिकाको कार्यालय कृषि विकास शाखाको आ.व २०८०/८१ को वार्षिक स्वीकृत शसर्त तथा वित्तीय सामानिकरण तर्फको किसान सुचिकरण कार्यक्रम अनुसार खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धि ऐन,२०७५ को तफा १४ को उपदफा १ कार्यान्वयनको लागि किसानको पहिचान गरी सरकारी तवरबाट किसानहरुलाई उपलब्ध गराइने सेवा सुविधाको पारदर्शिता तथा सुशासन अभिवृद्धि गर्न कृषि, पशुपन्छी तथा मत्स्य तथ्याँक अद्यावधिक कार्यक्रम प्रयोजनार्थ किसानहरुको आबश्यक विवरणहरु बिद्युतिय प्रणाली मार्फत संकलन गरी किसानहरुलाई सूचिकरण गर्न तथा कृषि पशुपन्छी र मत्स्य तथ्याँक अद्यवधिक गर्न किसान सुचिकरण तथा तथ्याँक संकलन सहजकर्ता (गणक) सेवा करारमा नियुक्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका पुर्चौंडी नगरपालिका भित्रका ईच्छुक नेपाली नागरिकहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस नगरपालिकामा निबेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**१ आवश्यक पद :**

| क्र.स | विज्ञापन नं. | माग पद संख्या | पद | न्युनतम शैक्षिक योग्यता | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|
| १ | १६/०८०/८१ | १० | गणक | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रबिणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको । कम्प्युटर सम्बधी आधारभूत तालिम प्राप्त तथा कृषि तथा पशु विज्ञान विषय लिई अध्ययन गरेकालाई प्राथमिकता दिईनेछ । | ५००।- |

**२ आवश्यक कागजातहरु :**आवेदनको साथमा व्यक्तिगत विवरण, परीक्षा दस्तुर तिरेको रसिद, शैक्षिक योग्यताको प्रमाण प्रत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रतिलिपि, अनुभव तथा तालिमको प्रमाण पत्रको प्रतिलिपि । साथै एन्ड्रोइड मोबाइल, ट्यावलेट तथा ल्यापटप भएका, राम्रो संग इन्टरनेट चलाउन सक्ने र सम्बन्धित वडाका स्थानियवासिलाइ पहिलो प्राथमिकता दिईनेछ ।

३ **परीक्षा किसिम :** सर्टलिष्ट र अन्तर्वाता ।

४ **उमेर हद :** पुरुषको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष पुरा ननाघेको हुनुपर्ने छ ।

५ **तलब सुविधा तथा अन्य सेवा शर्त :** कृषक घरधुरी संख्या (किसान सुचिकरण कार्यक्रम कार्यान्वन कार्यविधि, २०७७ र कृषि, पशुपन्छी तथा मत्स्य तथ्याँक सम्बन्धी कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०७७ ) अनुसार हुने ।

६ **दरखास्त बुझाउने स्थान र परीक्षा केन्द्र :** पुर्चौंडी नगरपालिका नगर कार्यपालिकाको कार्यालय हाटँ, बैतडी ।

७ **दरखास्त बुझाउने अन्तिम मिति :** २०८०/०८/२६

८ **काम गर्नुपर्ने स्थान :** नगरपालिकाले खटाएका वडाहरुमा ।

९ **कार्य अवधी :** सम्झौतामा उल्लेख भए बमोजिम ।

थप जानकारीको लागि नगरपालोकाको कार्यालय हाँट बैतडीको कृषि बिकास शाखाको फोन न ९८४५६१२११६

(प्रमुख प्रशासकीय अधिकृत)

प्रमुख प्रशासकीय अधि